*तथ्यविवरण: परिवार नियोजन र वातावरण*

*जनसंख्याको स्थिरिकरण - पृथ्वीको दिगोपन*

*परिवार नियोजन, प्रजनन स्वास्थ्य सेवा र लैंगिक सम्बन्धले जलवायु परिवर्तनको भावी कार्यदिशामा प्रभाव पार्न सक्दछ र यसबाट बढ्दो सामुद्रिक सतह, डरलाग्दा आँधीबेहरी र व्यापकस्तरको सुख्खालाई मानव समुदायले कसरी आत्मसात गर्दछन् भनेर प्रभावित गर्दछ ।*

*सन् १९९४ को जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, या (आइसीपीडी), जनसंख्या र विकासको इतिहासमा एउटा कोशेढुंगा थियो । केटीहरुको शिक्षा र लैंगिक समानतामा सुधार ल्याउना ले समेतका प्रजनन स्वास्थ्यको विश्वव्यापी पहुँच निम्ति आइसीपीडीको लक्ष्य, उपलब्धीले स्वास्थ्य र विकास उद्देश्यलाई हासिल गर्न मद्दत गर्दछ र साथै प्रजननमा कमी ल्याउनेतर्फ योगदान गरेर अन्ततोगत्वा हरितगृह ग्याँस उत्सर्जनलाई न्यूनीकरण गर्न सघाएको हुन्छ ।*

जनसंख्या बृद्धिलाई न्यून गरेर मुलुकहरुले जनताको आवश्यकतालाई पूरा गर्ने उपायको खोजी गर्न सक्छन् र विभिन्न तरिकाबाट वातावरणलाई जोगाउन सक्छन् । परिवार नियोजनले योजनाविहीन जन्मलाई नियन्त्रण गर्न, व्यक्ति एवँ दम्पत्तिको प्रजनन स्वास्थ्य अधिकारलाई प्रत्याभूति गर्न, जनसंख्या बृद्धिदरलाई न्यून गर्न र वातावरणीय प्रभावलाई सामान्य तुल्याउन मद्दत गर्दछ । यो नै एउटा सबैभन्दा लागत-प्रभावकारी विधि हो ।

**वर्तमान परिस्थिति**

- पृथ्वीको उत्पादनको क्षमताको करिब आधा हिस्सा मानिसको प्रयोगतर्फ उन्मुख भइसकेको छ । नयाँ प्रविधिले खेतीपाती बढ्ने, स्रोतसाधनको संरक्षण हुने र प्रदुषणलाई सफा गर्ने भए पनि मानिसले प्राकृतिक स्रोतसाधनको व्यापक उपयोग गरिरहेको, माटो र पानीलाई ह्रास बनाएको र व्यापकस्तरमा फोहोर उत्पादन गरिरहेका छन् ।
- जीवन-सहारा बनेको पर्यावरणमाथि पृथ्वीका झण्डै ६ अर्ब ७० करोड मानिसबाट जतातत्तै असर पारेको छ । यो जनसंख्या सन् २०५० सम्ममा कम्तीमा ९ अर्ब २० करोड पुग्ने प्रक्षेपण गरिएको छ ।
- नेपालको हालको २ करोड ७० लाख जनसंख्या बृद्धि भएर सन् २०१५ सम्ममा करिब ३ करोड ३० लाख पुग्ने प्रक्षेपण गरिएको छ । जनसंख्याको करिव २ प्रतिशत बृद्धिको अनुमान अनुसार सन् २०५० सम्ममा नेपालको जनसंख्या करिब ४ करोड ९० लाख पुग्नेछ ।
- व्यापक ढंगबाट परिवार नियोजन कार्यक्रम सञ्चालन गरिएको कारणबाट मात्र अधिकाँश गरिब मुलुकमा प्रजननमा कमी आएको देखिएको छ । नेपालमा सन् १९९६ को प्रति महिला ४.६ जन्मको प्रजननमा न्यून भएर सन् २००६ मा ३.१ जन्म देखिएको छ । गत १० वर्षको अवधिमा प्रति महिला १.५ जन्मले कमी आएको छ ।
- पृथ्वीको जनसंख्याको २० प्रतिशतभन्दा कम रहेका र अत्यन्त न्यूनतहको जनसंख्या बृद्धि भएका सबैभन्दा धनी राष्ट्रहरुले ८६ प्रतिशत प्राकृतिक स्रोत उपभोग गरिरहेका छन् र उनीहरु नै सबैभन्दा बढी फोहोर उत्पादन गर्दछन् । यी देशले अत्यधिक प्रदुषण र कार्वन डाइअक्साइड उत्पादन गरिरहेका छन् ।
- विश्वव्यापी कार्वन डाइअक्साइड उत्सर्जनमा नेपालको योगदान शून्य बराबर छ र यसको बन क्षेत्रले कार्वन डाइअक्साइड न्यूनीकरणका निम्ति योगदान गरेको छ तर यति महत्वपूर्ण योगदान गरिरहेको भए पनि नेपालको हिस्सा सन् १९९० को ०.६ मेगाटनबाट बृद्धि भएर सन् २००४ मा ३ मेगाटन पुगेको छ ।
- अत्यन्त गरिब २० प्रतिशत मुलुकहरुले कूल उपभोगको करिब १.३ प्रतिशत मात्र हिस्सा ओगटेका छन् तर उनीहरुले आर्थिक वृद्धितर्फका अभियान प्रारम्भ गर्दा प्रदुषण उत्पन्न गर्ने उद्योगको पर्याप्त नियामक व्यवस्था नहुने स्थिति रहन्छ र खाद्यान्न उत्पादनका निम्ति बहुमुल्य एवँ सीमित जमीनको प्रयोगमा दबाब बढ्छ । उदाहरणका लागि, नेपालको बन क्षेत्र वार्षिकरुपमा करिब १.६ प्रतिशतले सांगुरिदैं गएको र सन् १९९० मा ३७ प्रतिशत रहेको बन क्षेत्र सन् २००५ मा करिब २५.४ प्रतिशतमा झरेको छ ।

- ध्रुवीय क्षेत्रको बरफलाई छाड्ने हो भने हिमाली क्षेत्रका हिउँनदीले बरफको सबैभन्दा ठूलो हिस्सा ओगटेको छ र यसले सिर्जना गरेको पानीका स्रोतको आधारमा दक्षिण एसियाका लाखौं जनताको जीवनयापन सम्भव भएको छ । हिमाली क्षेत्रको हिउँनदी विश्वका अन्य भागको तुलनामा बढी तीव्रताका साथ रित्तिदैछ ।
- पानीको बढ्दो माग जनसंख्या बृद्धिसँग सोभ्कै सम्बन्धित हुन्छ - बढी खाद्यान्न उत्पादन गर्न थप पानीको जरुरी पर्दछ । पानीको पहुँचको कमीबाट विश्वको जनसंख्याको करिब एकतिहाइले दबाब भ्केलिरहेका छन् । जलवायु परिवर्तनले समस्यालाई धेरै स्थानमा अभ्क जटिल बनाउने अपेक्षा गरिएको छ ।
- ठूला र गरिब परिवारले वातावरणमाथि दबाब दिएका हुन्छन् । दाउरा, पानी र अन्य आधारभूत जरुरीका वस्तुको खोजीका कारण अन्जानमै वातावरण परिवर्तनको एजेन्ट बनाएको हुन्छ । गरिब मुलुकहरुमा अधिकाँश यी एजेन्टहरु महिला र बालबालिका हुन्छन् ।
- नेपालमा जनसंख्याको अनुमानित ९० प्रतिशतले सन् २००५ मा सुधारिएको पानीका स्रोतहरुमा पहुँच हासिल गरेका थिए जबकी यसको आधाभन्दा कम अर्थात ३५ प्रतिशतले सुधारिएको सरसफाइ प्राप्त गरेका थिए ।
- नइच्छाइउको गर्भ रहनु जनसंख्या वृद्धिको एउटा पक्ष हो जसलाई कार्यक्रम र नीतिगत पहलबाट सच्याउन सकिन्छ । हरेक वर्ष १९ करोड महिला गर्भवती हुन्छन् र तीमध्ये कम्तीमा एकतिहाइ अन्जानमै हुने गरेका छन् ।
- नेपालमा पाँचमध्ये एकजना विवाहित महिलाले गर्भलाई ढिलाइ गर्न वा रोक्न चाहन्छन् तर सूचनाको पहुँचको कमी, परिवार नियोजन साधनको अभाव, परिवार नियोजन साधनप्रति गलत धारणा वा सांस्कृतिक र सामाजिक पक्षहरुका कारण यस्तो गर्न सकिरहेका छैनन् ।
- गर्भमा ढिलाइ वा अर्को गर्भधारण रोक्न चाहने विकासशील मुलुकका २० करोड भन्दा बढी महिलाले प्रभावकारी परिवार नियोजन उपाय प्रयोग गरिरहेका छैनन् ।
- परिवार नियोजन साधनका निम्ति ७ अमेरिकी डलरको अनुदान दिँदा एक टन कार्वन डाइअक्साइड उत्सर्जन रोकिन्छ । यसबाट वायुउर्जाका निम्ति गरिने २४ डलर, सौर्यउर्जाका निम्ति ५१ डलर, कोइला प्लान्टका निम्ति ५७-८३ डलर, हाइब्रिड सवारीसाधनका निम्ति ९२ डलर र विद्युतीय सवारी साधनका निम्ति हुने १३१ अमेरिकी डलर बचाउँछ ।

लाभ

- विकासशील मुलुकमा परिवार नियोजनमार्फत इच्छा नगरिएका गर्भलाई रोक्नु वातावरण संरक्षणका निम्ति सबैभन्दा लागत-प्रभावकारी तरिका हो ।
- उच्च प्रजनन दर भएका विकासशील मुलुकमा न्यून संख्याका स्वस्थ बालबालिका जन्माउन सकेमा गरिब परिवारको आर्थिक दायित्व र वातावरणीय मागलाई न्यून गर्न सकिन्छ ।
- प्रजननमा छनौट गर्ने व्यवस्था हुनु महिला समानतातर्फ एउटा महत्वपूर्ण कदम हो । यसले उनीहरुमा परिवार र सामुदायिक निर्णयमा सहभागी हुन सक्षम बनाउँछ र शिक्षाका निम्ति उनीहरुको अवसरलाई बढावा दिन्छ ।

**निम्न कुराहरुमा युएनएफपीए विश्वास गर्दछः**

- विश्वस्तर, राष्ट्रिय र स्थानीय तहका प्रभावशाली समूहबाट व्यापकस्तरको सहयोगात्मक गठबन्धन स्थापना ।
- परिवार नियोजन र महत्वपूर्ण जानकारीका निम्ति विश्वव्यापी पहुँच उपलब्ध गराउन पर्याप्त र नियमित लगानी ।
- सानो परिवारको लाभका विषयमा केन्द्रित गरेर सञ्चार अभियान ।
- स्वास्थ्य संस्थाहरुमा व्यापकरुपमा सुरक्षित र प्रभावकारी परिवार नियोजन साधन उपलब्ध गराउने । यसलाई सामाजिक बजारीकरण र बाह्य पहुँच सेवा उपलब्ध गराउने ।
- शरीर, स्वास्थ्य, शिक्षा र आर्थिक एवँ सामाजिक स्रोतसाधनको पहुँचका निम्ति पुरुष र महिलाको अधिकार सम्बन्धी राष्ट्रिय र स्थानीय बहस ।

*दिगो वातावरण सिर्जना गर्न पृथ्वीको जनसंख्या स्थिरिकरण महत्वपूर्ण पक्ष हो - परिवारको संख्या सम्बन्धी स्वतन्त्र ढंगबाट व्यक्तिले गर्न पाउने निर्णय नै जनसंख्या वृद्धिलाई ढिलाइ गर्नका निम्ति अत्यधिक व्यवहारिक उपाय हो । प्रजनन स्वास्थ्य सेवाका निम्ति आपतकालीन आवश्यकता पुऱ्याउन असफल भएर हुने तीव्र जनसंख्या वृद्धिको वातावरणीय परिणामभन्दा महंगो नपर्ने स्वेच्छिक प्रजनन स्वास्थ्य सेवामा पूर्ण पहुँच अन्ततः धेरै कम खर्चिलो हुनेछ ।*

यस तथ्य विवरणका निम्ति मुख्य स्रोतहरु: ल्यान्सेट म्याटर्नल सर्भाइभल एन्ड विमेन डेलिभर सिरिज (२००६/२००७), विश्व स्वास्थ्य प्रतिवेदन, २००५ र मिटिङ द नीड, २००६, विश्व जनसंख्या स्थिति, २००१, तथा अन्य युएनएफपीएका प्रकाशनहरु, जलवायु परिवर्तन २००७: असर, अनुकूल र जोखिम, जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी प्यानेलको चौथो मूल्याङ्कन प्रतिवेदन, एम.एल. प्यारी, ओ.एफ. कान्जियानी, जे.पी. पालुटिकोफ, पी.जे. भान डर लिन्डेन र सी.इ. हान्सन, सम्पादक, क्याम्ब्रिज युनिभर्सिटी प्रेस, क्याम्ब्रिज, युके, पृष्ठ ९७६, मानव विकास प्रतिवेदन २००७/२००८, युएनडिपी, कम उत्सर्जक, न्यून उत्सर्जन, परिवार नियोजनमा लगानीबाट भावी कार्वन उत्सर्जनलाई न्यूनीकरण - लागत लाभ विश्लेषण, टी. वायर, लन्डन स्कूल अफ इकनोमिक्स, अपरेसनल रिसर्च, अगष्ट २००९, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २००६ ।

*FACTSHEET: FAMILY PLANNING AND THE ENVIRONMENT*

*STABILIZING POPULATION - SUSTAINING THE PLANET*

***Family planning, reproductive health care and gender relations could influence the future course of climate change and affect how humanity adapts to rising seas, worsening storms and severe droughts.***

***The 1994 International Conference on Population and Development, or ICPD, was a milestone in the history of population and development. The achievement of the ICPD's goal of universal access to reproductive health, in combination with improved education of girls and gender equality, would help achieve health and development objectives while also contributing to declines in fertility, which would in turn help reduce greenhouse-gas emissions in the long run.***

**Slowing the rate of population growth may give countries time to take measures** to meet people's needs, while protecting the environment through various means. Preventing unplanned births through family planning, and guaranteeing individuals and couples the right to reproductive health, can help slow population growth rates and moderate environmental impact – and it might be one of the most cost-effective ways of doing so.

## THE CURRENT SITUATION

- About half the earth's biological production capacity has already been diverted to human use. Humans are depleting natural resources, degrading soil and water, and creating waste at an alarming rate, even as new technology raises crop yields, conserves resources and cleans up pollution.
- Life-supporting ecosystems are affected everywhere by the planet's 6.7 billion people, which is projected to reach at least 9.2 billion by 2050.
- The population of Nepal is projected to rise from the current 27 million to about 33 million in 2015. With the population growth estimated to be about 2 per cent yearly, it is projected that in 2050 population will reach about 49 million.
- Fertility reduction in most poor countries has occurred only in the presence of comprehensive family planning programmes. In Nepal, fertility declined from 4.6 births per woman in the 1996 to 3.1 births in 2006, a drop of one and a half births per woman in the past 10 years.
- The wealthiest countries, with less than 20 per cent of earth's population and the slowest population growth, account for 86 percent of natural resource consumption–much of it wasteful–and produce the majority of the pollution and carbon dioxide.
- Nepal's contribution to global carbon dioxide emission is close to zero and its forests contribute to $CO_2$ reduction but at the same time the total emission rose from 0.6 Mt (mega tonnes) in 1990 to 3.0 in 2004.
- The poorest 20 per cent of countries account for only 1.3 per cent of consumption; but their urgent drive for economic growth often leads to lax regulations of polluting

industries and pressure to use marginal land for food production. For example, the forest area in Nepal is shrinking yearly by 1.6 % from approximately 37% of the area in 1990 to 25.4% in 2005.

- Himalayan glaciers form the largest body of ice outside the polar caps and form a reservoir which supports rivers that are the lifeline of millions of people in South Asia. Glaciers in the Himalaya are receding faster than in any other part of the world.
- Increasing demand for water is directly related to population growth—extra water is needed to grow more food. Lack of access to water is already putting pressure on about a third of the world's population. Climate change is expected to make the problem worse in many places.
- Large and poor families put pressure on the environment. The search for fuel wood, water and other basic needs makes the poor unwitting agents of environmental change. In poor countries, most of these agents are women and children.
- In Nepal estimated 90% of population had access to improved water sources in 2005 while less than half of it (35%) has access to improved sanitation.
- Unintended pregnancy is the factor in population growth most amenable to programme and policy interventions. Every year, 190 million women become pregnant, at least a third of them unintentionally.
- In Nepal, about one in five married women would like to delay or prevent pregnancy but is not able to do so because of either lack of access to information or contraception, misconceptions about contraception or cultural and social factors.
- More than 200 million women in developing countries who would like to delay or prevent their next pregnancy are not using effective contraceptives.
- It is estimated that the $7 cost of abating a tonne of $CO_2$ using family planning compares with $24 for wind power, $51 for solar, $57-83 for coal plants with carbon capture and storage, $92 for plug-in hybrid vehicles and $131 for electric vehicles.

## BENEFITS OF ACTION

- Preventing unwanted pregnancies in developing countries through family planning might be one of the most cost-effective ways to preserve the environment.
- In developing countries with high fertility, having fewer, healthier children can reduce the economic burden and environmental demands of poor families.
- Choice about fertility is a step towards equality for women. It empowers them to take part in family and community decisions, and it enhances their opportunities for education.

## UNFPA BELIEVES THE FOLLOWING WILL HELP:

- A broad coalition of support from influential groups at the global, national and local levels.

- Adequate and consistent funding to provide universal access to contraception and pertinent information.
- Mass media campaigns focusing on the benefits of smaller families.
- A wide range of safe and effective contraceptive methods available in health facilities and through social marketing and outreach services.
- National and local debate on the rights of men and women in relation to their bodies, health, education and access to economic and social resources.

***Stabilizing the planet's population is a critical factor in creating a sustainable environment - free individual choice on the size of one's family is the most practicable option for slowing population growth. Providing full access to voluntary reproductive health services, which are relatively inexpensive, would be far less costly in the long run than the environmental consequences of rapid population growth from the failure to meet the urgent need for reproductive health care.***

Main sources for this fact sheet: The Lancet's Maternal Survival and Women Deliver Series (2006/2007); the 2005 World Health Report; and Meeting the Need, 2006, State of World Population, 2001, and other UNFPA publications; Climate Change 2007: Impacts, Adaptation and Vulnerability Contribution of Working Group II to the Fourth Assessment Report of the Intergovernmental Panel on Climate Change, M.L. Parry, O.F. Canziani, J.P. Palutikof, P.J. van der Linden and C.E. Hanson, Eds., Cambridge University Press, Cambridge, UK, 976 pp; Human Development Report 2007/2008, UNDP; Fewer Emitters, Lower Emissions, Less Cost Reducing Future Carbon Emissions By Investing In Family Planning - A Cost Benefit Analysis, T. Wire, London School of Economics, Operational Research, August 2009; Nepal Demographic and Health Survey 2006.